संघीय संसद

प्रतिनिधि सभा

# सार्वजनिक लेखा समिति

**बैठक संख्या-१०**

मितिः-२०८०/०५/१९

## निर्णयहरु

समितिको आजको बैठकको कार्यसूची धन्यवाद ज्ञापन, समितिले तत्कालै कार्यसम्पादन गर्नुपर्ने विषयहरुमाथि छलफल र बेरुजु सम्परीक्षण सम्बन्धमा समितिका पूर्व सभापति तथा पूर्व सचिवहरुसँग छलफल गर्ने रहेको थियो । उल्लिखित कार्यसूचीमाथि समितिमा छलफल भई देहाय बमोजिमको छलफल एवं निर्णय भयो ।

१. समितिको आजको बैठकमा सार्वजनिक लेखा समितिका नवनिर्वाचित सभापति माननीय श्री ऋषिकेश पोखरेलले आफूलाई सभापति पदमा प्रस्ताव गर्ने प्रस्तावक माननीय सदस्य तथा उक्त प्रस्तावको समर्थन गर्नुहुने तथा निर्विरोध निर्वाचित हुन सहयोग गर्नुहुने समितिका सम्पूर्ण माननीय सदस्यहरुलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

२. समितिमा आमन्त्रण गरिएका समितिका पूर्व सभापति श्री भरत कुमार शाह तथा समितिका पूर्व सचिवद्वय डा. सुरेन्द्र अर्याल र डा. रोजनाथ पाण्डेसँग बेरुजु सम्परीक्षण सम्बन्धी विषयमा विगतको अभ्यास र अहिलेको अवस्थाका बारेमा आ-आफ्नो धारणा राख्नु भयो ।

३. देशको समग्र राष्ट्रिय आय र व्ययको अवस्थालाई मूल्याङ्कन गरी आर्थिक अनुशासन र वित्तीय जवाफदेहीता कायम गर्न तत्कालै समितिले सम्बोधन गर्नुपर्ने विषयहरुमाथि माननीय सदस्यहरुले आ-आफ्ना धारणा व्यक्त गर्नुभयो ।

४. समितिको आगामी बैठकमा बेरुजु सम्परीक्षण सम्बन्धी उपसमिति गठन गर्ने, उपसमितिहरुले बेरुजु सम्परीक्षणको कार्य अगाडी बढाउनु अघि शिघ्र नै महालेखापरीक्षक र नेपाल सरकारका मुख्य सचिव सहित लेखा उत्तरदायी अधिकृतहरुलाई बैठकमा आमन्त्रण गरी छलफल गर्ने निर्णय भयो ।

५. समितिको अर्को बैठक सूचना भएपछि बस्ने गरी स्थगित भयो।